# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

न्युरोड, कास्की
गण्डकी प्रदेश, नेपाल

## सूचना ! सूचना !! सूचना !!!

## पोखरा महानगरपालिकाको विज्ञापन कर तिर्ने सम्बन्धी सूचना

*प्रकाशन मिति २०७९।१२।१४*

स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ९ को अधिकार अन्तर्गत पोखरा महानगरपालिका आर्थिक ऐन २०७९ बमोजिम प्रत्येक स्थानीय तहले विज्ञापन कर लगाउन सक्ने व्यवस्था रहेको छ । साथै विज्ञापन ( नियमित गर्ने ) ऐन, २०७६ को दफा ४ बमोजिम अनुमितिपत्र लिनुपर्ने व्यवस्था रहेकोमा यसरी विज्ञापन बोर्डमार्फत विज्ञापन गर्न चाहाने व्यक्ति वा संस्थाले विज्ञापन प्रदर्शनकोलागि राखिएको डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियोन साइन, प्रोजेक्टर, स्टल डिस्प्ले वा यस्तै प्रकृतिका अन्य प्रविधिहरुको प्रयोग गरी संचालनमा रहेका बोर्डहरुको तपशिल बमोजिमको विवरण खुलाई पोखरा महानगरपालिका आर्थिक ऐन २०७९ को अनुसूची ११ बमोजिमको कर दाखिला गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

<u>तपशिल</u>

- विज्ञापन बोर्डको प्रकार ( डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियोन साइन, प्रोजेक्टर, स्टल डिस्प्ले वा अन्य )
- विज्ञापन बोर्ड रहेको स्थान र सडको नाम (राजमार्ग/ सडक)
- विज्ञापन बोर्डको साइज वर्ग मिटरमा
- होर्डिङ बोर्डको सम्वन्धमा रहेको स्थानको घरधनी/जग्गाधनी समझौता प्रतिलिपि

थप जानकारीकोलागि पोखरा महानगरपालिका राजश्व शाखामा सम्पर्क गर्नुहुन साथै आफ्ना विज्ञापन बोर्डहरुको विवरण राजश्व शाखाको इमेल ठेगाना pokharamuntaxsecation@gmail.com पठाउनुहुन समेत अनुरोध छ ।